निर्णय किताव          वैठक संख्या : ४२          मिति : २०७७।०४।११ गते आइतबार

चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले माडी नगरपालिका वडा नं. ९ स्थित कुसुम खोलामा रहेको चेपाङ बस्ती आगजनी र हात्ती लगाई हटाएको र बर्दिया राष्ट्रिय निकुञ्जमा समेत निकुञ्ज वरिपरिका जनतालाई बारम्बार निकुञ्ज प्रशासनले गरेको दुर्व्यवहारका सम्बन्धमा समितिका सभापति माननीय कृष्णभक्त पोखेलको अध्यक्षतामा माननीय वन तथा वातावरण मन्त्री श्री शक्ति बहादुर बस्नेत, उक्त मन्त्रालयका सचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका निमित्त महानिर्देशक सहितका पदाधिकारीको उपस्थितिमा आज मिति २०७७ साउन ११ गतेका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो :

१. चितवन राष्ट्रिय निकुञ्ज प्रशासनबाट मिति २०७७ साउन ३ गते माडी नगरपालिका वडा नं. ९ स्थित कुसुम खोलामा हात्ती लगाएर घर भत्काउने, आगजानी गर्ने जस्ता भएका कार्य मानवता विरुद्धको अपराध हो भन्ने समितिको निष्कर्ष रहेको छ । यस्तो गैरसंवैधानिक र गैह्रकानूनी कार्यले नेपालको संविधानमा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक र आवासको हकको गम्भीर उल्लंघन हुने भएकोले चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज वरिपरि बस्ने नागरिकलाई विपत्को समयमा वैकल्पिक व्यवस्था विना घरबास उठाउने कार्य नगर्न नगराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देश गर्दछ ।

२. चितवन जिल्ला माडी नगरपालिका वडा नं. ९ स्थित कुसुम खोलामा हात्ती लिएर नागरिकको घर भत्काउने र आगजनी कार्यमा प्रत्यक्ष संलग्न व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याउन र कारवाही भएको विषय यस समितिमा जानकारी गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देश गर्दछ ।

३. चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. २ का वर्ष २४ का राजकुमार चेपाङलाई चितवन राष्ट्रिय निकुञ्जभित्र सेनाले पक्राउ गरी यातना दिएका कारणले मृत्यु भएको भन्ने सम्बन्धमा सत्यतथ्य छानबिन गर्न, दोषीउपर कारवाही गर्न र मृतकको परिवारलाई उचित क्षतिपूर्तिको प्रबन्ध गर्न वन तथा वातावरण मन्त्रालय मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

४. आजको छलफलमा माननीय वन तथा वातावरण मन्त्रीले सहसचिवको नेतृत्वमा छानविन समिति गठन भएको भन्ने जानकारी गराउनु भएकोले उक्त समितिको प्रतिवेदन ७ दिनभित्र यस समितिलाई उपलब्ध गराउन अनुरोध गर्ने र उक्त प्रतिवेदनको अध्ययनपश्चात् आवश्यकता बमोजिम छानबिनको लागि उपसमिति गठन गरी स्थलगत अध्ययन गर्ने निर्णय गरियो ।